नेपाल सरकार
# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

☎ ४२२३५८०
४२६२६९६
रामशाहपथ, काठमाडौं

प.स. ०८०/८१
च.नं. ६४४

मिति: २०८०/१२/०६
ने.सं.: ११४४ सिल्लाथ्व ९, मंगलबार

श्री विभाग/सङ्घीय अस्पताल/केन्द्रीय निकाय/बोर्ड, सबै।

विषयः परिपत्र सम्बन्धमा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०/११/२१ को च.नं. Div२-४७५३०/०८०/८१ को पत्रबमोजिम सार्वजनिक निकायका पदाधिकारीले बिदा वा काजमा रहेको अवधिमा कार्यालयको बैठक वा अन्य निर्णय प्रकृयामा सहभागी हुने र बैठक भत्ता लिने सम्बन्धमा प्रचलित कानुनबमोजिम हुने गरी देहायका सुझावहरु कार्यान्वयन हुन यस मन्त्रालय (सचिवस्तर) मिति २०८०/१२/०६ को निर्णयानुसार अनुरोध छ।

<u>सुझावहरु:</u>

१. बिदा वा काजमा रहेका पदाधिकारी/कर्मचारीलाई सो अवधिमै कार्यालयमै बैठक वा अन्य निर्णय प्रकृयामा सहभागी गराउने कार्य प्रचलित कानुनको बर्खिलाप तथा अनियमित कार्य हुने हुँदा अब उप्रान्त त्यस्तो कार्य नगर्न नगराउन।
२. कार्यलय सञ्चालन भएको दिन र कार्यलय समयमा पनि कार्यालय समय भन्दा फरक विहान/बेलुका समय उल्लेख गरी बैठक भत्ता लिने कार्य नगर्न नगराउन।
३. अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ (आठौं संस्करण) को बुँदा नं.७.१.५ मा एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि बैठक भत्ता उपलब्ध गराइने छैन भनी उल्लेख गरेको व्यवस्था अनिवार्य रुपमा लागु गर्न गराउन।

०८०/१२/०६

शेर बहादुर वि.क.
शाखा अधिकृत

**बोधार्थ:**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।
श्री सूचना प्रविधि शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्राय, रामशाहपथ, काठमाडौं: वेबसाइटमा अद्यावधिक गरिदिन हुन।